# श्री ललितपुर जिल्ला अदालत

## तहसिल शाखाबाट जारी भएको सूचना !!!

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२।०५।१७ गते ।**

उप्रान्त प्रहरी प्रतिवेदन तथा दिनेशकुमार भण्डारी समेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी काशीराम गुरुङ्ग समेत भएको ठगी (०७४-C४-१११७) मुद्दामा श्री सर्वोच्च अदालतको मिति २०८२।०१।०२ गतेको फैसला अनुसार युनिटी लाइफ इन्टरनेशनल लिमिटेड, ललितपुरका नाममा रकम जम्मा गर्ने सबै सरोकारवालाहरूलाई सूचित गरिन्छ कि आफ्नो दावी प्रमाण सहित एक महिनाभित्र यस अदालतको तहसिल शाखामा वा देशभरका जुनसुकै जिल्ला अदालतका तहसिल शाखा मार्फत रकम फिर्ताका लागि निवेदन दर्ता गर्नुहोला । तोकिएको समय सीमाभित्र दावी पेश नगरेमा प्रचलित कानूनी व्यवस्था अनुसार फैसला कार्यान्वयन सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाइनेछ र म्याद समाप्त भएपछि कुनै पनि निवेदन दर्ता गरिने छैन भन्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## श्री ललितपुर जिल्ला अदालतमा पेस गरेको

### निवेदन पत्र

**मार्फत- .............................. जिल्ला अदालत ।**

**विषय:** रकम फिर्ता पाऊँ ।

.......................को छोरा/..............जिल्ला.......................................न.पा./
गा.पा.वडा नं.....बस्ने वर्ष....को...............................................................१ } **निवेदक**

विरुद्ध

युनिटी लाइफ इन्टरनेशनल लिमिटेड समेत } **विपक्षी**

मुद्दा– ठगी (074-CR-1117)

निवेदनबापत लाग्ने दस्तुर रु.१०।– साथै राखी निम्नानुसार निवेदन गर्दछु/गर्दछौं :–

१ उक्त मुद्दामा मैले/हामीले युनिटी लाइफ इन्टरनेशनल लिमिटेडका नाममा जम्मा गरेको निम्नानुसारको रकम सर्वोच्च अदालतको मिति २०८२/०१/०२ को फैसला बमोजिम मैले/हामीले पाउनुपर्ने रकम फिर्ता पाउन यो निवेदन गर्दछु/छौं ।

| सि.नं. | जम्मा गरेको रकम | रसिद नं. र मिति | फिर्ता माग गरेको रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**संलग्न कागजात**

(क) निवेदकको परिचय खुल्ने कागजातको प्रतिलिपी ।

(ख) रकम बुझाएको रसिद वा अन्य प्रमाण कागजातको प्रतिलिपी ।

(ग) निवेदकको वैकखाताको चेकको प्रतिलिपि र सम्पर्क नंम्वर ।

२. लेखिएको बेहोरा ठिक साँचो हो फरक ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदक

.....................

इति संवत् २०८२ साल...............महिना.......... गते रोज......शुभम् ............।